काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२५ ❐ बिहीवार, १४ जेठ, २०८३ ❐ Thursday, 28 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा १४ हजार बढी बालबालिकामा अपाङ्गता

प्रदेशको कुल बाल जनसंख्यासँग तुलना गर्दा १५–१९ वर्ष उमेर समूहमा अपाङ्गताको प्रतिशत सबैभन्दा बढी २.४६ प्रतिशत रहेको छ। १०–१४ वर्षमा २.१० प्रतिशत, ५–९ वर्षमा १.९१ प्रतिशत तथा ०–४ वर्षमा १.३६ प्रतिशत बालबालिकामा अपाङ्गता देखिएको छ।

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १३ जेठ

कर्णाली प्रदेशमा १९ वर्षमुनिका अपाङ्गता भएका बालबालिकाको संख्या १४ हजार नौ सय ७४ पुगेको छ। प्रदेशमा बालबालिकामध्ये १.९८ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले देखाउँछ।

तथ्यांकअनुसार कर्णालीमा सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका बालबालिका रहेका छन्। शारीरिक अपाङ्गता भएका बालबालिकाको संख्या ६ हजार चार सय ८३ रहेको छ, जुन कुल अपाङ्गता भएका बालबालिकामध्ये ४३ प्रतिशतभन्दा बढी हो।

त्यसैगरी न्यून दृष्टियुक्त बालबालिका एक हजार दुइ सय ४८, पूर्ण दृष्टिविहीन एक हजार एक सय ६० तथा बहिरोपन भएका बालबालिका एक हजार ४१ रहेका छन्। सुनाइसम्बन्धी समस्या भएका ८३९, बोलीसम्बन्धी समस्या भएका एक हजार एक तथा मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका ४२३ बालबालिका रहेको तथ्यांकमा उल्लेख छ।

उमेर समूहका आधारमा हेर्दा १५ देखि १९ वर्ष उमेर समूहमा अपाङ्गता भएका बालबालिकाको संख्या सबैभन्दा बढी देखिन्छ। यस उमेर समूहमा मात्रै चार हजार पाँच सय ३९ बालबालिका अपाङ्गता भएका छन्। १० देखि १४



वर्ष समूहमा चार हजार तीन सय ७१, ५ देखि ९ वर्षमा तीन हजार चार सय ६२ र ० देखि ४ वर्ष समूहमा दुई हजार ६०२ बालबालिका अपाङ्गता भएका छन्।

प्रदेशको कुल बाल जनसंख्यासँग तुलना गर्दा १५-१९ वर्ष उमेर समूहमा अपाङ्गताको प्रतिशत सबैभन्दा बढी २.४६ प्रतिशत रहेको छ। १०-१४ वर्षमा २.१० प्रतिशत, ५-९ वर्षमा १.९१ प्रतिशत तथा ०-४ वर्षमा १.३६ प्रतिशत बालबालिकामा अपाङ्गता देखिएको छ।

विज्ञहरूले स्वास्थ्य सेवा, प्रारम्भिक पहिचान र पुनर्स्थापना सेवाको पहुँच कमजोर हुँदा कर्णालीमा अपाङ्गताको समस्या थप जटिल बन्दै गएको बताएका छन्। राष्ट्रिय बालअधिकार परिषद्ले सञ्चालन गरेको उपचार तथा पुनर्स्थापना कार्यक्रममार्फत कर्णालीका विभिन्न जिल्लाका बालबालिकालाई सेवा प्रदान गरिए पनि आवश्यकताअनुसार पहुँच विस्तार गर्नुपर्ने देखिएको छ। विशेषज्ञहरूले प्रारम्भिक अवस्थामै पहिचान र उपचारलाई प्रभावकारी बनाउन सके अपाङ्गताको दर घटाउन सकिने बताएका छन्।

कर्णाली प्रदेशमा बालबालिकामा अपाङ्गताको समस्या अन्य प्रदेशको तुलनामा बढी देखिनुका पछाडि भौगोलिक, आर्थिक, स्वास्थ्य तथा सामाजिक कारणहरू मुख्य रूपमा जिम्मेवार मानिने राष्ट्रिय अपाङ्ग महासंघ कर्णाली प्रदेश समितिका अध्यक्ष नन्दराज घितालले बताए। कर्णालीको दुर्गम भौगोलिक अवस्था ठूलो चुनौती बनेको उनको भनाइ छ।

'धेरै गाउँहरू सडक, अस्पताल र विशेषज्ञ स्वास्थ्य सेवाबाट टाढा छन्। गर्भवती महिला तथा नवजात शिशुले समयमै स्वास्थ्य सेवा नपाउँदा जन्मजात समस्या छ' उनले भने, 'यसले दीर्घकालीन अपाङ्गताको जोखिम बढाएको छ। भने गरिबी र कुपोषण पनि महत्वपूर्ण कारण हुन्।'

उनका अनुसार कर्णालीमा धेरै परिवार आर्थिक रूपमा कमजोर भएकाले सन्तुलित आहार, पोषण तथा नियमित स्वास्थ्य परीक्षणमा पहुँच कम छ। भने बालबालिकामा कुपोषण, रक्तअल्पता र विकाससम्बन्धी समस्या देखिने भएकाले शारीरिक तथा मानसिक अपाङ्गताको सम्भावना बढ्छ।

'धेरै अभिभावकले प्रारम्भिक अवस्थामै रोग वा समस्या पहिचान गर्न सक्दैनन्। सामान्य उपचारबाट निको हुन सक्ने रोग समयमै उपचार नपाउँदा जटिल बन्दै अपाङ्गतामा परिणत हुने अवस्था आउँछ' उनले थपे, 'पुनर्स्थापना र विशेष शिक्षाको पहुँच सीमित छ। अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक फिजियोथेरापी, विशेष विद्यालय, सहायक सामग्री र मनोसामाजिक परामर्श सेवाको अभावले समस्या दीर्घकालीन बन्दै गएको छ।'

विशेषज्ञहरूका अनुसार प्रारम्भिक पहिचान, मातृ-शिशु स्वास्थ्य सेवा विस्तार, पोषण सुधार, जनचेतना अभिवृद्धि तथा पुनर्स्थापना सेवा गाउँस्तरसम्म पुऱ्याउन सके कर्णालीमा अपाङ्गताको समस्या घटाउन सकिने देखिन्छ।

मानव अधिकार आयोगले मनायो स्थापना दिवस



❐ **सिर्जना बुढाथोकी**

सुर्खेत, १३ जेठ

राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतले आफ्ना स्थापनाको २६ औं वार्षिकोत्सव मनाएको छ।

बुधबार वार्षिकोत्सवको अवसरमा आयोगले शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको हो। शुभकामना आदान प्रदान कार्यक्रमका सहभागि संघ र प्रदेश सरकार मातहत निकायका प्रमुख तथा अन्य संघसंस्थाका प्रतिनिधिहरुले आयोगले गरेका काम कारबाहीको समिक्षा गर्दै विभिन्न सुझाव तथा आगामी दिनहरुमा आयोगले खेल्नुपर्ने भूमिकाबारे धारणा राखेका थिए।

उनीहरुले मानव अधिकार संरक्षण र सम्वर्धनमा आयोग प्रतिवद्ध रहेको बताउँदै सामुहिक पहलबाट मात्र मानव अधिकारको संरक्षण हुने बताएका थिए।

वार्षिकोत्सवको अवसरमा आयोगले सम्पादन गरेका कार्य सन्तोषजनक रहेको र आगामी दिनमा आयोगले अझ प्रभावकारीरुपमा काम गर्नुपर्ने सुझावसमेत सहभागिहरुले दिएका थिए।

आयोगको कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेश कुमार थापाले यस आर्थिक वर्षमा सम्पन्न कार्यहरुको बारेमा जानकारी गराएका थिए।

उक्त कार्यक्रममा कर्णाली प्रदेशका विभिन्न मन्त्रालयहरु,सुर्खेत जिल्लास्थित विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न पेसागत महासंघका प्रमुख तथा प्रतिनिधिहरु, कानुन व्यवसायी, मानव अधिकारकर्मी, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, अन्तराष्ट्रिय गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सञ्चारकर्मीहरु लगायत आयोगका कर्मचारीहरुको सहभागिता थियो।

उक्त कार्यक्रममा मानव अधिकार अधिकृत राजेन्द्र प्रसाद न्यौपानेले सहभागिहरुलाई स्वागत एवं कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए।

बुलबुलेमा बाढी तथा डुवान सम्बन्धी कृत्रिम घटना अभ्यास

❐ **काँक्रेविहार संवाददाता**

वीरेन्द्रनगर, १३ जेठ

वीरेन्द्रनगरमा विपद् जोखिम न्यूनिकरण तथा रोकथाम सम्बन्धि कृतिम घटना अभ्यास गरिएको छ। बुधबार विपद् जोखिम न्यूनिकरण तथा रोकथामका लागि बाढी तथा डुबान सम्बन्धि कृतिम घटना अभ्यास गरिएको हो।

मनसुन नजिकिएसँगै वीरेन्द्रनगरमा जलवायुजन्य प्रकोपबाट आउन सक्ने बाढी र ढुवानको जोखिममा परेकाहरुको उद्दार गर्न कृतिम घटना अभ्यास गरिएको हो। वीरेन्द्रनगर जलवायुजन्य प्रकोपको बहुजोखिममा रहेकाले सम्भावित क्षेत्रमा विपद् आइहाले समयमै



प्रतिकार्य गर्नसक्ने जनशक्ति तयार गर्ने उद्देश्यले कृतिम घटना अभ्यास गरिएको जनाइएको छ। युएनडिपी, युएन युमन, ह्याण्डिक्याप इन्टरनेशलको आर्थिक तथा प्राविधिक सहयोग, सुन्दर नेपाल संस्थाको स्थानीय सहजिकरण र वीरेन्द्रनगर नगरपालिकाको समन्वयमा सञ्चालिन शहरी विपद् तथा भुकम्पिय पूर्व तयारी (सुपुर-२) परियोजना अन्तर्गत विपद्पछिको प्रतिकार्य र उद्दार सम्बन्धि कृतिम अभ्यास गरिएको हो।

वीरेन्द्रनगर-१० स्थित बुलबुले तालामा गरिएको कृतिम अभ्यासमा सशस्त्र प्रहरी बल नेपाल र वीरेन्द्रनगर नगरपालिकाका नगर प्रहरीको सहभागिता थियो। उनीहरुले बाढी र ढुवानमा परेका मानिसहरुको उद्दार गरी सुरक्षित स्थान वा स्वास्थ्य संस्थासम्म लैजान अपनाइने प्राविधिक विषयमा अभ्यास गरेका थिए। उक्त अभ्यासको अवलोकन स्थानीय र विद्यार्थीले गरेका थिए।

दुर्गममा प्रहरी अस्पतालको शिविरबाट ४३९ जनाले पाए विशेषज्ञ सेवा

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १३ जेठ

कर्णाली प्रदेश प्रहरी अस्पताल सुर्खेतले दुर्गम जिल्लामा सञ्चालन गरेको विशेषज्ञ स्वास्थ्य शिविरबाट ४३९ जना नागरिक लाभान्वित भएका छन्। समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत कालिकोट र जुम्लाका विभिन्न स्थानमा सञ्चालन गरिएको तीन दिने शिविरमा हाडजोर्नी तथा नसारोग सम्बन्धी विशेषज्ञ सेवा प्रदान गरिएको हो। प्रदेश प्रहरी अस्पतालका अनुसार जेठ १० गते कालिकोटमा आयोजित शिविरबाट ११५ जनाले स्वास्थ्य सेवा लिएका थिए।

त्यस्तै जेठ ११ गते जुम्ला सदरमुकाममा सञ्चालन गरिएको शिविरमा थप ११५



जनाले उपचार सेवा प्राप्त गरेका छन्। जेठ १२ गते जुम्लाको कनकासुन्दरी गाउँपालिका-८ स्थित पाण्डवगुफा स्वास्थ्य चौकीमा सञ्चालन गरिएको शिविरमा सबैभन्दा बढी २०९ जनाले सेवा लिएका थिए।

दुर्गम क्षेत्रमा विशेषज्ञ चिकित्सकको पहुँच अभाव भइरहेका बेला सञ्चालन गरिएको शिविरले स्थानीय बासिन्दालाई राहत पुगेको सहभागीहरूले बताएका छन्। शिविरमा हाडजोर्नी दुखाइ, नसासम्बन्धी समस्या, पुराना चोटपटक तथा जोर्नीसम्बन्धी विभिन्न रोगको परीक्षण र उपचार गरिएको थियो।

प्रदेश प्रहरी अस्पताल प्रमुख प्रहरी नायव उपरीक्षक (प्रनाउ) डाक्टर श्यामकृष्ण लौडारी नेतृत्वको सात सदस्यीय स्वास्थ्यकर्मी टोलीले शिविरमा सेवा दिएको थियो। शिविरका क्रममा ११ जनालाई हाडजोर्नीसम्बन्धी माइनर प्रोसिजर समेत गरिएको प्रहरी स्वास्थ्यकर्मी टोलीका सदस्य बिर्ख भण्डारीले जानकारी दिए।

उनका अनुसार सामान्य औषधि वितरण, स्वास्थ्य परामर्श तथा आवश्यक बिरामीलाई थप उपचारका लागि रेफर समेत गरिएको थियो। शिविरमा ज्येष्ठ नागरिक, महिला तथा ग्रामीण भेगका नागरिकको उल्लेख्य सहभागिता रहेको बताइएको छ।पाण्डवगुफा स्वास्थ्य चौकीमा आयोजित शिविर दामोदर आचार्यको प्रमुख आतिथ्यता तथा जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रमुख प्रहरी नायव उपरीक्षक चिरञ्जीवी दाहालको विशेष उपस्थितिमा सम्पन्न भएको थियो। स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा सर्वसाधारणको सहभागितामा सम्पन्न शिविरप्रति स्थानीयले सकारात्मक प्रतिक्रिया दिएका छन्। कर्णाली प्रदेश प्रहरी अस्पतालले आगामी दिनमा पनि दुर्गम तथा स्वास्थ्य सेवा पहुँच कम भएका क्षेत्रमा यस्ता विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिने जनाएको छ।

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

बिहीवार, १४ जेठ, २०८३
Thursday, 28 May 2026

सम्पादकीय

के संविधान संशोधनको बाटो सहज छ ?



✍ रमेश अधिकारी

२०८२ फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनमा सबै प्रमुख राजनीतिक दलहरूको घोषणापत्रमा संविधान संशोधनको एजेन्डाले स्थान पाएको थियो ।

सदनको ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सरकार बनेको तीन महिनाभित्र संविधान संशोधनका प्रस्तावमाथि राष्ट्रिय सहमति जुटाउन बहसपत्र तयार गर्ने प्रतिबद्धता गरेको थियो । अनि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था, पूर्ण समानुपातिक संसद, सांसदलाई मन्त्री नबनाउने र गैरदलीय स्थानीय सरकारको न्यूनतम अवधारणा पनि स्पष्ट पारेको थियो ।

यसरी हेर्दा रास्वपा सुरूदेखि नै अन्य दलहरूको तुलनामा संविधान संशोधनका विषयमा स्पष्ट थियो ।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले पनि संविधान संशोधन गरेर जनतालाई अधिकार दिने र समावेशिताको सिद्धान्त थप बलियो बनाउने विषय घोषणापत्रमा उल्लेख गरेको थियो । नेकपा एमालेले यस पटकको चुनावमा संविधान संशोधनको विषय घोषणापत्रमा प्रावधान राखेको भेटिँदैन । तर पनि एमालेका नेताहरूले संविधानको आधारभूत संरचना नभत्काउने गरी सुधारका लागि तयार रहेको बताउँदै आएको सुनिन्छ ।

मधेस केन्द्रीत दलहरू भने प्रदेश सरकारको अधिकार विस्तार, मधेसी समुदायको प्रतिनिधित्व र पहिचानको क्षेत्रमा संविधान संशोधनको प्रश्नमा आफ्नै एजेन्डा लिएर उभिएका छन् । संविधान संशोधनमा मधेस केन्द्रीत दलहरूको अडान सुरूदेखि नै देखिएको छ । वालेन्द्र (बालेन) शाहको नेतृत्वमा बनेको सरकारले मन्त्रिपरिषदको पहिलो बैठकबाट नै शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीको चौथो बुँदामा संविधान संशोधनका लागि राष्ट्रिय सहमति खोजिने भनेर स्पष्ट उल्लेख थियो ।

कार्यसूचीको तेस्रो बुँदामा निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्र, वाचापत्र र प्रतिबद्धता पत्रहरूमा समावेश कार्यान्वयन योग्य विषयहरू संश्लेषण गरी राष्ट्रिय प्रतिबद्धता तयार गर्ने कुरा उल्लेख गरेको भेटिन्छ ।

यसरी हेर्दा सरकारका लागि संविधान संशोधन उच्च प्राथमिकतामा देखिन्छ ।

यही प्रतिबद्धताका आधारमा, गणतन्त्र दिवसकै हप्तामा संविधान संशोधनको बहसपत्र निर्माण गर्न गठित कार्यदलले विभिन्न आठ बुँदामा ५४ वटा प्रस्तावहरू तयार पारेर प्रतिवेदन प्रधानमन्त्री कार्यालयमा पेस गरेको छ ।

प्रस्तावमा शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीयता, प्रदेश, स्थानीय तह, न्यायपालिका, संवैधानिक निकाय र अन्य विविध विषयहरू वर्गीकरण गरी समावेश छन् । कार्यदलले यस बहस पत्रमार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी, विदेशमा रहेका नेपालीलाई मताधिकार र सबै तहका अदालतका न्यायाधीशहरूको पुनर्निर्युक्ति जस्ता देशको लामो समयसम्म प्रभाव र महत्त्वका पक्षहरूमा बहस चलाउन खोजेको छ ।

बहस पत्रको प्राथमिकता हेर्ने हो भने मूलतः राजनीतिक र प्रशासनिक संरचनाको सुधार छ । शासकीय स्वरूपतर्फ प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली वा संशोधित संसदीय व्यवस्था र संसदबाहिरबाट विज्ञ-मन्त्री नियुक्त गर्ने, स्थानीय सरकार दलविहीन निर्वाचन गर्ने छलफल अघि सारिएको छ ।

निर्वाचन प्रणालीमा 'राइट टू रिकल', सामान्य रूपमा बुझ्दा सांसद फिर्ता बोलाउने अधिकार र नोटा (कुनै पनि उम्मेदवार मन नपराउने अधिकार) का साथै प्रदेश र स्थानीय तहका संरचनालाई चुस्त र छरितो बनाउने मुद्दाहरू समेटिएका छन् । न्यायपालिकातर्फ राजनीतिक हस्तक्षेप कम गर्न न्याय परिषद र संवैधानिक परिषदको संरचनागत सुधार, न्यायाधीश नियुक्तिको मापदण्ड, बिचौलियानियन्त्रणरसर्वोच्चअदालतको कार्यबोझ घटाउन उच्च अदालतको अधिकार क्षेत्र बढाउने विषयमा न्यायपालिकाको सुधारका अग्रगामी संशोधन बहसको प्रस्ताव गरिएको छ ।

यसैगरी, संवैधानिक निकायहरूको स्वायत्तता, महाभियोग तथा संसदीय सुनुवाइको औचित्य र गैरआवासीय नेपालीको नागरिकताको अधिकार जस्ता विविध विषयमा पनि प्रस्ताव अघि सारिएका छन् । यी केवल मस्यौदाका रूपमा आएका प्रस्ताव हुन् । यो प्रक्रिया ठोस र परिणाममुखी बनाउन सर्वोच्च अदालत, नेपाल बार एसोसिएसन र संवैधानिक अंगहरूसँग कार्यदलले सुझाव मागेको देखिन्छ । नागरिकलाई समेत समेट्ने उद्देश्यले कार्यदलले एक साताभित्र विद्युतीय सञ्चार, इमेल वा ह्वाट्सएप मार्फत आफ्ना सुझावहरू पठाउन सार्वजनिक आह्वान गरिसकेको छ । यसरी माथि उल्लिखित बुँदाभन्दा पनि बाहिरका विषयमा सर्वसाधारणले सुझाव दिन सक्ने छन् ।

संविधान संशोधन गर्ने इच्छाशक्ति र त्यसका लागि आवश्यक राजनीतिक सहमतिबीचको खाडल कति गहिरो छ भन्ने प्रश्नले अहिले राजनीतिक वातावरणलाई उत्साहित र तताइरहेको छ ।

२०७२ असोज ३ गते जारी भएको नेपालको संविधान सातौं संविधान हो । आठ दशकमा सात वटा संविधान बनाउने देश विश्वमा अरू कति नै होलान् र !

अघिल्ला संशोधनहरू २०७२ सालमा संविधान जारी भएदेखि अहिलेसम्म दुई पटक संविधान संशोधन भएको छ ।

२०७२ माघ १६ मा पहिलो संशोधन भएको थियो । संविधान जारी भएको केही महिनामै मधेसमा भड्किएको आन्दोलन र भारतीय नाकाबन्दीको पृष्ठभूमिमा मधेसी समुदायको आंशिक माग सम्बोधन गर्ने उद्देश्यले यो संशोधन भएको थियो । यसमा मूलतः समानुपातिक समावेशिताको अधिकार थप विस्तार, निर्वाचन क्षेत्र निर्धारणमा जनसंख्यालाई मुख्य आधार र दलित तथा वञ्चित समुदायका सामाजिक अधिकारका धाराहरू परिमार्जन गरेर समावेशितामा एक कदम अगाडि बढ्यो ।

तर यसमा प्रदेश सीमांकन गर्ने मधेसी दलहरूको मुख्य माग सम्बोधन गरिएन ।

प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा भारतसँगको सीमा विवादको सन्दर्भमा लिम्पियाधुरा, लिपुलेख र कालापानी सहितको नयाँ नक्सालाई संविधानको अनुसूची ३ मा राष्ट्रिय चिह्नका रूपमा समावेश गर्न २०७७ असार ५ मा दोस्रो संशोधन भयो ।

यो संशोधन दुवै सदनमा सर्वसम्मत रूपमा पारित भएको ऐतिहासिक संशोधन थियो । यी दुवै संशोधन तात्कालिक राजनीतिक परिस्थितिले निम्त्याएका लक्षित परिवर्तन थिए । अहिले रास्वपा सरकारले गर्न खोजेको संविधानको तेस्रो संशोधन भने यी दुवैभन्दा गुणात्मक रूपमा नितान्त भिन्न छ । यसले शासनको आधारभूत ढाँचा, शासकीय स्वरूप, निर्वाचन प्रणाली र न्यायपालिकाको स्वतन्त्रताको प्रश्न जस्ता संवेदनशील विषयमा संशोधनको प्रस्ताव गरेको छ । नेपालको संविधानको संशोधनको अपरिहार्यता छ । तर यदि ठूला र संवेदनशील विषयमा आवश्यक राजनीतिक सहमति कसरी जुट्ला भन्ने प्रश्न नै आजको यक्ष प्रश्न हो ।

सहमतिको प्रश्नः के सबै दलहरूको एकै मत होला?

यदि धेरै संवेदनशील धाराहरूमा गरिने भनेको संशोधन प्राविधिक रूपमा दुई तिहाइको नम्बरको बलले मात्र भन्दा पनि व्यापक सहमतिले मात्र सम्भव हुने कुरा हो । संविधानमा यो तहको संशोधनले दिगो रूपमा स्थायित्व र स्थिरता दिन सदनको गणितभन्दा पनि सर्वसम्मति महत्त्वपूर्ण पक्ष हो । निर्वाचनपछि सुस्त देखिएको प्रमुख प्रतिपक्ष कांग्रेसले संविधान संशोधनको आवश्यकता स्वीकार त गर्छ, तर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीको प्रश्नमा पार्टीभित्र एकमत देखिँदैन ।

संसदीय प्रणालीप्रति लामो समयदेखि प्रतिबद्ध रहेको कांग्रेस पार्टी यस किसिमको परिवर्तनको कसरी समर्थन गर्ला, अहिल्यै आकलन गर्न सहज छैन । अनपेक्षित रूपमा गत निर्वाचनमा मत प्राप्त गर्न नसकेका मधेस केन्द्रीत दलहरूले संविधान संशोधन हुनुपर्ने कुरामा सुरूदेखि नै सकारात्मक छन् । तर कुनै पनि मधेस केन्द्रीत दलहरू यदि संविधान संशोधनले प्रदेशको अधिकार थप कमजोर गर्छ भने मान्य मनस्थितिमा देखिँदैनन् ।

नेकपा एमालेको कुरा गर्दा संविधान संशोधनको प्रश्नमा अझै पनि स्पष्ट धारणा सार्वजनिक गर्न हिचकिचाइरहेको छ । आफ्नै अन्तरकलहमा रूमल्लिएको एमालेले शासकीय स्वरूपमा आमूल परिवर्तनको समर्थन गर्ला भन्ने कुरा आजसम्मको अवस्थामा विश्वास गर्न सकिँदैन ।

लगानी अभावले थलिए कर्णालीका उद्योग

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १३ जेठ

कर्णाली प्रदेशमा औद्योगिक विकासको सम्भावना हुँदाहुँदै पनि लगानीमैत्री वातावरण अभावका कारण ठूला उद्योग सञ्चालनमा आउन सकेका छैनन् ।

यसको पछिल्लो उदाहरण पश्चिम सुर्खेतको चौकुने गाउँपालिकामा निर्माण सुरु गरिएको सिमेन्ट उद्योग बनेको छ, जहाँ पूर्वाधार अभाव र सरकारी सहयोग नपाउँदा उद्योग निर्माणको काम रोकिएको छ । २०७७ सालमा लगानी बोर्डबाट स्वीकृति पाएपछि सूर्यतारा इन्भेस्टमेन्ट कम्पनीले दुई वर्षभित्र उत्पादन सुरु गर्ने लक्ष्यसहित उद्योग स्थापनाको प्रक्रिया अघि बढाएको थियो ।

कम्पनीले उद्योग सञ्चालनका लागि आवश्यक जग्गा व्यवस्थापन, प्रारम्भिक संरचना निर्माण तथा अन्य तयारीका कामसमेत सुरु गरिसकेको थियो तर उद्योग स्थापना स्थलसम्म सडक पहुँच र विद्युत् विस्तार नहुँदा योजना अलपत्र परेको हो ।

कम्पनीका अध्यक्ष मुकुन्द तिमिल्सेनाका अनुसार उद्योग सञ्चालनका लागि वराहताल गाउँपालिका सात लखरपाटामा रहेको ९५ हजार हेक्टर क्षेत्रबाट चुनढुङ्गा उत्खनन गर्ने योजना बनाइएको थियो भने चौकुने गाउँपालिकामा उद्योग स्थापनाका लागि ४२ बिघा जमिनसमेत खरिद गरिसकिएको छ । करिब १५ अर्ब रुपैयाँ बराबरको लगानी अनुमान गरिएको यस



परियोजनाका लागि लगानी बोर्डले १४ अर्ब २७ करोड ५० लाख रुपैयाँ लगानी स्वीकृत गरिसकेको छ । तर आवश्यक पूर्वाधार निर्माणमा सरकारी निकायबाट अपेक्षित सहयोग नपाएपछि कम्पनी उद्योगबाटै हात झिक्ने अवस्थामा पुगेको जनाएको छ । कम्पनीले सरकारले थप पहल नगरे परियोजना अघि बढाउन कठिन हुने स्पष्ट पारेको छ । सुर्खेतमा मात्रै होइन, कर्णालीका अन्य सम्भावित औद्योगिक परियोजनाको अवस्था पनि उस्तै छ । चार दशकअघि अध्ययन गरिएको सुर्खेत सिमेन्ट (चौकुने) उद्योगसमेत अझै सञ्चालनमा आउन सकेको छैन । उक्त उद्योग सञ्चालनको जिम्मा २०६६ सालमा मुक्तिश्री प्रालिलाई दिइएको भए पनि डेढ दशक बितिसक्दा निर्माणको कुनै उल्लेखनीय काम अघि बढ्न सकेको छैन । उद्योग स्थलमा सम्पर्क कार्यालय राख्नुबाहेक अन्य पूर्वाधार निर्माण ठप्प छ । कर्णाली प्रदेशमा हालसम्म कुनै पनि ठूला उद्योग सञ्चालनमा आउन नसक्नुमा स्पष्ट औद्योगिक नीति अभाव, लगानी सुरक्षाको कमजोरी तथा पूर्वाधारको कमी मुख्य कारणका रूपमा देखिएको छ । प्रदेश सरकारले उद्योगमैत्री वातावरण बनाउन प्रभावकारी योजना ल्याउन नसकेको गुनासो लगानीकर्ताले गर्दै आएका छन् ।

प्रदेशको उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका अनुसार कर्णाली प्रदेशमा हाल ३० हजार आठ सय ३२ वटा साना तथा घरेलु उद्योग सञ्चालनमा छन् । ती उद्योग सेवा, उत्पादन, वनपैदावार, पर्यटन तथा ऊर्जा क्षेत्रमा आधारित छन् ।

सबैभन्दा बढी उद्योग सुर्खेतमा रहेका छन्, जहाँ १० हजार आठ सय ३९ उद्योग दर्ता भएका छन् । त्यस्तै दैलेखमा तीन हजार चार सय ४२, कालीकोटमा एक हजार पाँच सय ९१, जुम्लामा दुई हजार नौ सय ५४, मुगुमा दुई हजार चार सय २२, सल्यानमा एक हजार सात सय छ हुम्लामा दुई हजार तिन सय रुकुमपश्चिममा एक हजार सात सय ४७, जाजरकोटमा दुई हजार दुई सय ५२ र डोल्पामा एक हजार पाँच सय ६९ साना तथा घरेलु उद्योग दर्ता भएका छन् ।

निर्देशनालयका निर्देशक देवीलाल सापकोटाका अनुसार नयाँ उद्योग खुल्ने र बन्द हुने क्रम दुवै बढ्दो अवस्थामा रहेको छ ।

पर्याप्त लगानी, पूर्वाधार र नीति अभावका कारण कर्णालीमा दीर्घकालीन औद्योगिक विकास अझै चुनौतीपूर्ण बनेको छ ।

जुम्लामा अवैध क्रसरमाथि कडाइ



काँक्रेविहार संवाददाता
जुम्ला, १३ जेठ

जिल्लामा सरकारी मापदण्ड उल्लङ्घन गर्दै सञ्चालन भइरहेका क्रसर उद्योगमाथि जिल्ला प्रशासन कार्यालयले कडा निगरानी सुरु गरेको छ।

नदी दोहन, वातावरणीय क्षति तथा बस्तीमा जोखिम बढाएको गुनासो बढ्न थालेपछि जिल्ला विपत् व्यवस्थापन समितिको टोलीले आइतबारदेखि स्थलगत अनुगमन अभियान सुरु गरेको हो।

अनुगमनका क्रममा जिल्लामा सञ्चालित अधिकांश क्रसर उद्योग नेपाल सरकारले निर्धारण गरेको कानुनी मापदण्ड विपरीत सञ्चालन भइरहेको पाइएको प्रशासनले जनाएको छ। प्रशासनका अनुसार जिल्लामा रहेका चार उद्योगबाहेक अन्य धेरै क्रसर उद्योगले तोकिएको दूरी, वातावरणीय प्रक्रिया तथा सञ्चालन सम्बन्धी नियमको पालना नगरेको भेटिएको हो।

सरकारी मापदण्ड अनुसार क्रसर उद्योग नदी, खोला, बस्ती, विद्यालय तथा राजमार्गबाट कम्तीमा दुई सय मिटर टाढा सञ्चालन गर्नुपर्ने व्यवस्था छ। तर जुम्लामा केही उद्योग राजमार्गको छेउमै सञ्चालन भएका छन् भने कतिपय उद्योगले नदीको प्राकृतिक बहाव नै परिवर्तन हुने गरी गिट्टी, बालुवा र ढुङ्गा उत्खनन गरिरहेको पाइएको छ।

यसका कारण नदी कटान, पहिरो तथा बाढीको जोखिम बढ्दै गएको प्रशासनको निष्कर्ष छ। प्रमुख जिल्ला अधिकारी दीपक पौडेलका अनुसार तिला गाउँपालिकाको त्रिवेणी क्षेत्रमा सञ्चालित एक क्रसर उद्योग अत्यन्त जोखिमपूर्ण अवस्थामा सञ्चालन भइरहेको भेटिएको छ।

उक्त उद्योग राजमार्ग नजिकै सञ्चालन गरिएकाले त्यसलाई तत्काल स्थानान्तरण गर्न असार १० गतेसम्मको समयसीमा दिइएको उनले जानकारी दिए।

अनुगमन टोलीले केही उद्योगले वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणसमेत नगरी सञ्चालन गरिरहेको पत्ता लगाएको छ।

केही उद्योगले स्थानीय तहको सामान्य अनुमति देखाएर जथाभाबी उत्खनन गरिरहेका छन् भने कतिपय उद्योगको नवीकरण प्रक्रियासमेत शङ्कास्पद देखिएको प्रशासन स्रोतले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी पौडेलले कानुन मिच्ने उद्योगमाथि प्रशासन कडा रूपमा प्रस्तुत हुने चेतावनी दिएका छन्।

उनले प्राकृतिक स्रोतको दोहन तथा वातावरणमा नकारात्मक असर पार्ने गतिविधि सह्य नहुने बताउँदै नियमविपरीत सञ्चालन भइरहेका उद्योगलाई आवश्यक कानुनी कारबाही गरिने स्पष्ट पारे।

स्थानीय बासिन्दाले लामो समयदेखि क्रसर उद्योगका कारण धुलो, ध्वनि प्रदूषण तथा नदी दोहन बढेको गुनासो गर्दै आएका छन्।

विशेष गरी खेतीयोग्य जमिन कटानमा परेको, खोलाको धार परिवर्तन भएको तथा वर्षायाममा बाढीको जोखिम बढेको भन्दै स्थानीयले पटक-पटक प्रशासनको ध्यानाकर्षण गराएका थिए।

अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, सुरक्षा निकाय तथा सम्बन्धित प्राविधिक कार्यालयका प्रतिनिधिहरू सहभागी रहेका थिए।

प्रशासनले आगामी दिनमा पनि नियमित अनुगमनलाई निरन्तरता दिँदै मापदण्ड विपरीत सञ्चालन भइरहेका उद्योगमाथि थप कारबाही अघि बढाइने जनाएको छ।

भवन नहुँदा खुला चौरमा पढ्न बाध्य हुम्लाका विद्यार्थी



काँक्रेविहार संवाददाता
हुम्ला, १३ जेठ

जिल्लाको चंखेली गाउँपालिका पाँच स्थित डाँफे आधारभूत विद्यालय बाढीपहिरोका कारण पूर्ण रूपमा क्षतिग्रस्त भएपछि त्यहाँ अध्ययनरत बालबालिका अहिले खुला आकाशमुनि पठनपाठन गर्न बाध्य भएका छन्। गत जेठ पाँच गते आएको हावाहुरी सहितको भारी वर्षा र बाढीले विद्यालय भवनमा ठूलो क्षति पुऱ्याएपछि विद्यालय सञ्चालन गर्न कठिन भएको हो। विद्यालय भवन भत्किएपछि यहाँ अध्ययनरत करिब ८० जना विद्यार्थीलाई गाउँकै सामुदायिक भवन नजिकको खाली चौरमा राखेर अस्थायी रूपमा पढाइ सञ्चालन गरिएको छ।

एक सातादेखि खुला स्थानमै कक्षा सञ्चालन भइरहे पनि विद्यार्थी तथा शिक्षकले निकै कठिनाइ झेल्नुपरेको विद्यालय प्रशासनले जनाएको छ।

विद्यालयका प्रधानाध्यापक बली तामाङका अनुसार बाढीपहिरोले विद्यालयको सम्पूर्ण संरचना अस्तव्यस्त बनाएको छ। भवन मात्र होइन, विद्यालयका महत्वपूर्ण शैक्षिक तथा प्रशासनिक सामग्रीसमेत पूर्ण रूपमा नष्ट भएका छन्। उनले लामो समयसम्म खुला चौरमा बसेर पढ्नुपर्दा विद्यार्थीको स्वास्थ्यमा समेत असर परेको बताए। चर्को घाम, हावा तथा चिसोका कारण केही विद्यार्थी बिरामी पर्न थालेका छन् भने नियमित पठनपाठन प्रभावित भएको छ।

प्राकृतिक विपत्तिका कारण विद्यालयका सात कम्प्युटर, दुई थान ल्यापटप, २० वटा कुर्सी, ८० वटा बेन्च, सात वटा दराज, दुई दर्जनभन्दा बढी टेबुल, सेतो बोर्ड, चार वटा खाटलगायतका सामग्री नष्ट भएका छन्। यस्तै विद्यालयको खानेपानी ट्याङ्की तथा धारा पनि प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेको छ। विद्यालय प्रशासनका अनुसार अहिले विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्रीको समेत अभाव भएको छ।

प्रधानाध्यापक तामाङले स्थानीय तह र सम्बन्धित निकायलाई तत्काल अस्थायी भवन निर्माण, राहत सामग्री तथा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराइदिन आग्रह गरेका छन्।

उनले जिल्ला विपत् व्यवस्थापन समितिले प्रहरीको मुचुल्काका आधारमा सरकारसमक्ष आवश्यक पहल गरिदिनुपर्ने आवश्यकता औंल्याए।

स्थानीय अभिभावकले पनि बालबालिकाको भविष्य जोखिममा परेको भन्दै विद्यालय पुनःनिर्माण तथा सुरक्षित पठनपाठनको वातावरण तयार गर्न सरकारसँग माग गरेका छन्।

वर्षायाम सुरु भइसकेकाले खुला चौरमा लामो समय सम्म कक्षा सञ्चालन गर्न नसकिने भन्दै उनीहरूले तत्काल वैकल्पिक व्यवस्थाको आवश्यकता रहेको बताएका छन्।

विद्यालय भवन पूर्ण रूपमा क्षतिग्रस्त भएपछि अहिले विद्यार्थीको पढाइ मात्रै होइन, उनीहरूको सुरक्षा र स्वास्थ्य समेत चुनौतीमा परेको छ।

स्थानीय तह र सम्बन्धित निकायले समयमै पहल नगरे आगामी दिनमा बालबालिकाको शिक्षामा थप असर पर्ने चिन्ता बढेको छ।

सल्यानमा २७ कृषक सम्मानित



काँक्रेविहार संवाददाता
सल्यान, १३ जेठ

कुमाख गाउँपालिकाले कृषि तथा पशुपालनलाई व्यावसायिक, प्रतिस्पर्धी र मर्यादित पेसाका रूपमा विकास गर्ने उद्देश्यसहित २७ जना कृषकलाई सम्मान गरेको छ। गाउँपालिकाले उत्पादन, लगानी र व्यावसायिकताका आधारमा छनोट गरिएका कृषकलाई गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कारसहित विभिन्न सम्मान प्रदान गरेको हो।

यस वर्ष गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कृषितर्फ २० रोपनी जग्गा भाडामा लिएर व्यावसायिक खेती गर्दै आएका वडा नं. पाँचका धर्मे बुढाथोकी र पशुपालनतर्फ बाख्रापालन गर्दै आएका वडा नं.छ का खिमे बुढाथोकीलाई प्रदान गरिएको छ।

दुवै कृषकलाई समान ४८ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको गाउँपालिकाले जनाएको छ। कृषि तथा पशुपक्षी विकास शाखाका पशु विकास अधिकृत विष्णु केसीका अनुसार कृषितर्फ २१ जना, पशुपालनतर्फ छ जना गरी कुल २७ कृषकलाई सम्मान गरिएको हो। कृषकहरूलाई छ हजारदेखि ३० हजार रुपैयाँसम्म नगद तथा कदरपत्र प्रदान गरिएको छ। गाउँपालिकाले सार्वजनिक सूचना जारी गरी आवेदन माग गर्ने र त्यसपछि प्राप्त आवेदनका आधारमा स्थलगत अनुगमन गरी कृषक छनोट गर्ने प्रक्रिया अपनाएको कृषि शाखा प्रमुख सरोज खड्काले जानकारी दिए।पुरस्कार ग्रहण गर्दै व्यावसायिक बाख्रापालनमा संलग्न खिमे बुढाथोकीले गाउँपालिकाबाट प्राप्त सम्मानले आफूलाई थप मेहनत गर्न प्रेरणा मिलेको प्रतिक्रिया दिए। उनले निरन्तर परिश्रमले सफलता हासिल गर्न सकिने अनुभव पनि साझा गरे। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लालबहादुर रावतले कृषकलाई प्रोत्साहित गरेर उत्पादन वृद्धि गर्नु नै कार्यक्रमको मुख्य उद्देश्य भएको बताए। उनले नागरिकको जीवनस्तर सुधार गर्न गाउँपालिकाले कृषि तथा पशुपालन क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गरे।

जनहितमा जारी सूचना

- स्वच्छ खानेपानी, सुरक्षित ढल व्यवस्थापन र स्वस्थ वातावरण निर्माण गर्नु हामी सबैको साझा दायित्व हो। खानेपानीको दिगो उपयोग तथा सरसफाइ प्रवर्द्धनका लागि सम्पूर्ण उपभोक्तामा देहायअनुसार अनुरोध गरिन्छः
- धारा, ट्यांकी तथा पाइपलाइनबाट पानी चुहावट भए तत्काल मर्मत गरी पानीको दुरुपयोग रोकौं।
- खानेपानीका स्रोत, मुहान तथा जलाधार क्षेत्र फोहोरमुक्त राखौं।
- ढल तथा फोहोरजन्य पदार्थ जथाभावी खोलानाला, सडक वा सार्वजनिक स्थानमा नफालौं।
- वर्षायाममा पानीजन्य रोगबाट बच्न उमालेर वा शुद्धीकरण गरी मात्र पानी प्रयोग गरौं।
- घर तथा संस्थागत सरसफाइमा विशेष ध्यान दिई स्वस्थ वातावरण निर्माणमा सहयोग गरौं।
- सार्वजनिक धारामा अनावश्यक पानी खेर नफालौं र सबैलाई समान पहुँच हुने वातावरण बनाऔं।
- खानेपानी तथा ढल सम्बन्धी समस्या देखिएमा सम्बन्धित कार्यालयमा जानकारी गराऔं।
- "स्वच्छ पानी, स्वस्थ जीवन" भन्ने मूल सन्देशलाई आत्मसात् गर्दै सुरक्षित खानेपानी र व्यवस्थित सरसफाइ अभियानमा सबैको सक्रिय सहभागिताको अपेक्षा गरिएको छ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

हुम्ला-बाजुरा विवादमा २८ जनाविरूद्ध उजुरी

काँक्रेविहार संवाददाता
हुम्ला, १३ जेठ

हुम्ला र बाजुरा जिल्लाको सीमा क्षेत्रमा भएको विवादसँग सम्बन्धित घटनामा विभिन्न आरोपसहित २८ जनाविरुद्ध उजुरी तथा मुद्दा दर्ता गरिएको छ।

घटनामा बाजुराको हिमाली गाउँपालिका अध्यक्ष गोविन्दबहादुर मल्ल र उपाध्यक्ष राजकला सार्कीसहितका व्यक्तिहरूविरुद्ध हुम्ली समाजले जिल्ला प्रहरी कार्यालय हुम्लामा उजुरी दर्ता गरेको हो।

जेठ दुई देखि पाँच गतेसम्म हुम्ला-बाजुरा सीमा क्षेत्र र कर्णाली कोरिडोर अन्तर्गत पिलुचौर-कवाडी सडकखण्डमा भएको विवादका क्रममा स्थानीय नागरिकलाई बन्धक बनाइएको तथा राष्ट्रिय राजमार्ग अवरुद्ध गरिएको आरोप उजुरीमा उल्लेख गरिएको छ।

उक्त घटनाले स्थानीय आवागमनमा समेत असर पारेको भन्दै कारबाहीको माग गरिएको छ। उजुरीअनुसार सोही घटनामा संलग्न १० जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय बाजुरामा सार्वजनिक अपराध सम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको छ।

प्रहरीका अनुसार सीमा विवादसँग सम्बन्धित घटनालाई गम्भीर रूपमा लिएर थप अनुसन्धान अघि बढाइएको



छ। यसैबीच, हुम्लाको लाम्पाटामा भएको छुट्टै घटनामा गालीगलौज, कुटपिट तथा दुर्व्यवहार भएको भन्दै १२ जनाविरुद्ध अभद्र व्यवहारको मुद्दा जिल्ला प्रहरी कार्यालय हुम्लामा दर्ता गरिएको छ।

जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले सामाजिक सञ्जालमार्फत अफवाह फैलाएर शान्ति-सुरक्षामा असर पार्ने गतिविधिमा संलग्न रहेको आरोपमा उजुरी परेको जानकारी दिए। त्यस्तै सीमा क्षेत्र लाम्पाटामा काठ तस्करी तथा राष्ट्रिय संरक्षित वन्यजन्तु डाँफे र झारलको अवैध सिकार भएको प्रमाण फेला परेको दाबी गर्दै डिभिजन वन कार्यालय हुम्लामा पनि छुट्टै उजुरी दर्ता गरिएको छ।

खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्ण रावलका अनुसार सो प्रकरणमा ६ जनाविरुद्ध मुद्दा अघि बढाइएको हो। स्थानीय प्रशासनका अनुसार सीमा क्षेत्रमा देखिएको तनाव, सडक अवरोध, तथा वन्यजन्तु सम्बन्धी घटनाले समग्र सुरक्षा अवस्था प्रभावित भएको छ।

अहिले सबै घटनाको छुट्टाछुट्टै अनुसन्धान भइरहेको र आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरी तथा प्रशासनिक निकायले सीमा क्षेत्रमा शान्ति-सुरक्षा कायम राख्न सबै पक्षलाई संयमित रहन आग्रह गरेका छन्। साथै यस्ता विवाद पुनः नदोहरिन आवश्यक समन्वय र कडा निगरानी बढाइने बताइएको छ।

पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनःप्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं।

पानी जीवन हो–यसको संरक्षण हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सूचना

- स्थानीय स्तरको दिगो विकास, सहज यातायात पहुँच तथा आधारभूत पूर्वाधार विस्तारका लागि सञ्चालित विकास आयोजनाहरूको संरक्षण र प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउनु सम्पूर्ण नागरिकको साझा दायित्व हो।
- स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, वीरेन्द्रनगर सुर्खेतले आम नागरिक, उपभोक्ता समिति तथा सरोकारवालाहरूलाई देहायअनुसार अनुरोध गर्दछः
- निर्माणाधीन सडक, पुल, भवन तथा अन्य पूर्वाधार संरचनाको संरक्षण गरौं।
- विकास निर्माण कार्य सञ्चालन भइरहेका क्षेत्रमा सुरक्षा सतर्कता अपनाऔं।
- सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने तथा अवरोध सिर्जना गर्ने कार्य नगर्नुहोस्।
- गुणस्तरीय निर्माण कार्यका लागि स्थानीय तह, उपभोक्ता समिति तथा निर्माण व्यवसायीबीच समन्वय कायम गरौं।
- निर्माण सामग्री ओसारपसार तथा उपकरण सञ्चालनका क्रममा सडक सुरक्षामा विशेष ध्यान दिऔं।
- वर्षायाममा सम्भावित जोखिमबाट बच्न निर्माण क्षेत्र आसपास सावधानी अपनाऔं।
- आयोजना कार्यान्वयनमा पारदर्शिता, जनसहभागिता र उत्तरदायित्व प्रवर्द्धन गर्न सहयोग गरौं।
- पूर्वाधार निर्माणसँगै वातावरण संरक्षण, वृक्षारोपण तथा सरसफाइमा ध्यान दिऔं।
- "गुणस्तरीय पूर्वाधार, समृद्ध जीवनको आधार" भन्ने मूल सन्देशसहित विकास निर्माणलाई प्रभावकारी र दिगो बनाउन सबैको साथ, सहयोग र सहभागिताको अपेक्षा गरिएको छ।

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

जनहितमा जारी सूचना

- भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना राष्ट्रिय गौरवको आयोजना हो। यस आयोजनामार्फत सिंचाइ सुविधा विस्तार, कृषि उत्पादन वृद्धि तथा जलस्रोतको दिगो उपयोगमार्फत समृद्ध कर्णाली निर्माण गर्ने लक्ष्य लिइएको छ।
- आयोजना क्षेत्र आसपासका सम्पूर्ण नागरिक, उपभोक्ता तथा सरोकारवालाहरूमा देहायअनुसार अनुरोध गरिन्छः
- आयोजना अन्तर्गत निर्माणाधीन संरचना, सुरुङ, नहर तथा उपकरणको संरक्षणमा सहयोग गरौं।
- निर्माण क्षेत्रमा अनधिकृत प्रवेश नगरी सुरक्षा सतर्कता अपनाऔं।
- नदी, नहर तथा सार्वजनिक संरचनामा फोहोर फाल्ने कार्य नगरी वातावरण संरक्षणमा सहयोग गरौं।
- आयोजना सञ्चालनका क्रममा आवश्यक समन्वय तथा सहकार्य गरी विकास निर्माण कार्यलाई सहज बनाऔं।
- अफवाह तथा भ्रामक सूचनाको पछि नलागी आधिकारिक जानकारी मात्र विश्वास गरौं।
- आयोजना क्षेत्रभित्र हुने गतिविधिमा बालबालिका तथा सर्वसाधारणको सुरक्षामा विशेष ध्यान दिऔं।
- स्थानीय स्तरमा रोजगारी, कृषि विकास तथा आर्थिक समृद्धिमा आयोजनाले पुऱ्याउने योगदानलाई सकारात्मक रूपमा उपयोग गरौं।
- "जलस्रोतको सदुपयोग, समृद्धिको आधार" भन्ने मूल सन्देशसहित आयोजना सफल बनाउन सबैको साथ, सहयोग र सहभागिताको अपेक्षा गरिएको छ।

भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यालय
सुर्खेत

+ २ को माइग्रेसन हराएको सूचना

जाजरकोट जिल्ला बारेकोट गाउँपालिका वडा नम्बर, २ लिम्सा निवासी निरूता सिंहको +२ को माइग्रेसन मिति २०८२/१०/१५ गते सुर्खेत बसपार्कदेखि जाजरकोट जाने क्रममा हराएको हुँदा भेटाउनु हुने जो कोहिले पनि नजिकैको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

सम्पर्क : ९७६-३८५९०८५



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)